WOMEN'S INTERNATIONAL NETWORK
RÉSEAU INTERNATIONAL DE FEMMES
RED INTERNACIONAL DE MUJERES
AMARC WIN

# अमार्क - अन्तर्राष्ट्रिय महिला सञ्जाल
# सामुदायिक रेडियोका लागि लैङ्गिक नीति
# मार्च ८, २००८

## पृष्ठभूमि

महिला समानता र मानव विकासका हरेक क्षेत्रमा महिलाको महत्त्वपूर्ण भूमिकालाई अन्तर्राष्ट्रिय संघसंस्था, विभिन्न देशका राष्ट्रिय संविधान र विश्वभरका समाजले स्वीकार गरेका छन् ।

लिङ्ग, यौनिकता, वर्ण र धर्मको विभेदबिना सबै व्यक्तिको अधिकारलाई मानवअधिकारको विश्वव्यापी घोषणा-पत्रमा उल्लेख गरिएको छ । यस्तै, धेरैजसो मुलुकका सरकारहरूले 'महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि' अन्तर्गत महिला अधिकार स्वीकारेका छन् । यो महासन्धि अन्तर्गत तीन मुख्य सिद्धान्तहरू– समानताको सिद्धान्त, विभेदविरुद्धको सिद्धान्त र राज्य दायित्वको सिद्धान्तलाई व्यवहारमा उतार्न ठोस कार्यक्रम लागू गर्नु सरकारको कर्तव्य हो ।

महिला समानताको विषय प्रवर्द्धन गर्न सञ्चार माध्यमको भूमिका महत्त्वपूर्ण छ । महिलाका लागि बेइजिङ् महिला सम्मेलनको खण्ड– 'जे' मा यो कुरा उल्लेख छ, जुन सन् १९९५ को सम्झौतापछि लागू भएको हो । यो खण्डले सबै प्रकारका सञ्चार माध्यमको नीति निर्माण तहमा महिला अनुपस्थितिको उल्लेख गर्दै सञ्चार माध्यममा महिलाको सक्रिय आवद्धताको लागि ध्यानाकर्षण गरेको छ । तत्कालै सुधारको खाँचो औँल्याउँदै यसले तालिम, अनुसन्धान र नीती निर्माण तहमा महिला सहभागितालाई प्रवर्द्धन गर्नु राज्यको दायित्व हो भन्ने कुरामा जोड दिएको छ ।











यसले सञ्चारकर्मीहरूलाई दुईवटा रणनीतिक उद्देश्यहरू हासिल गर्ने दायित्व सुम्पन्छ ती हुन्– सञ्चार माध्यम र सूचना तथा सञ्चार प्रविधिमा महिला सहभागिता तथा पहुँचमा वृद्धि गर्नु र सञ्चार माध्यममा महिलाको सन्तुलित र सकारात्मक चित्रण गर्नु ।

इन्टरनेट र अनलाइन प्रविधिको विकासले महिलालाई सञ्जाल निर्माण तथा समानरूपमा सञ्चार गर्न बाटो खोलेको छ । तथापि विकासोन्मुख देशका अधिकांश महिलाहरूको सूचना प्रविधिमा पहुँच अत्यन्त सीमित छ । सामुदायिक रेडियोकर्मीले मात्र होइन, समाजका हरेक तह र तप्काका नीति निर्माता र स्थानीय सरकारदेखि अन्तर्राष्ट्रिय निकायहरूसम्मले विकासोन्मुख देशका महिला र प्रविधिको पहुँचबाट अलग्याइएका विकसित देशका महिलाको अवस्थालाई गम्भीरताका साथ ध्यान दिनु जरुरी छ । दुर्भाग्यवश, पुरुषहरूले उनीहरू अनुकूलको नीति बनाएका छन् र महिलाको अनलाइन आवश्यकतालाई पूर्णतया बेवास्ता गरेका छन्, जसले महिला र पुरुषबीच सूचनामा पहुँचको दूरी बढाउनुका साथै महिलाको नकारात्मक चित्रण, अस्वच्छ व्यावसायिकीकरण र महिला शरीरलाई यौनिक साधनको रूपमा चित्रण गर्नेजस्ता प्रवृत्ति देखापरेको छ । सामुदायिक रेडियोले यस्ता खास चासोका मुद्दाहरू नीतिगत तहमा पुऱ्याउन, सूचना तथा सञ्चार प्रविधिमा महिलाको भूमिका वृद्धि गर्न तथा विद्यमान राजनैतिक असमानता हटाउन सहयोगी भूमिका निर्वाह गर्न सक्छन् ।

अन्तर्राष्ट्रियरूपमा द्वन्द्व रोकथाम तथा समाधान र शान्ति स्थापनाको लागि महिलाको भूमिका संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्को घोषणापत्र– १३२५ मा उल्लेख छ ।

महिलाको उपस्थिति र सहभागिता सुनिश्चितमा सहयोग तथा शान्ति प्रक्रियामा महिलाका मागहरूको सुनुवाइ र द्वन्द्वको समयमा महिला तथा किशोरीहरूका खास आवश्यकता सम्बोधन गर्नु सामुदायिक रेडियोको जिम्मेवारी हो ।

असमानता अन्त्य गर्न सामुदायिक रेडियोको पनि जिम्मेवारी छ । तीमध्ये मुख्य दायित्वहरू– नीति निर्माण र कार्यक्रम उत्पादनका सबै तहमा महिला सहभागिताका लागि सहजीकरण गर्नु, महिलाका माग र चासोलाई दैनिक समाचारका विषयको रूपमा उठाउने प्रण गर्नु, समाजका सक्रिय सदस्यका रूपमा महिलाको सकारात्मक चित्रणको सुनिश्चितता गर्नु र सञ्चारमा महिलाको पहुँचको लागि प्राविधिक सीप र आत्मविश्वास वृद्धिमा सहयोग गर्नु हो । सामुदायिक रेडियो प्रगतिशील सामाजिक आन्दोलनको एक हिस्सा हो, यसकारण सामुदायिक स्टेशनले प्रगतिशील महिला आन्दोलनको सुरुवात तथा सशक्तीकरणमा सहयोग र सहकार्य गर्नुपर्छ । स्टेशनहरू महिलालाई सम्मान गर्ने तथा एउटा आधारस्तम्भको रूपमा समान व्यवहार गर्ने नीति बनाउन र लागू गर्न बाध्य छन् । सामुदायिक रेडियोको यस किसिमको लैङ्गिक नीतिले स्टेशनमा लैङ्गिक समानता कायम गर्ने एउटा माध्यमको काम गर्छ । यो स्टेशनको आन्तरिक नीतिनियमको हिस्सा बन्नुपर्छ ।

**खण्ड–१ः रेडियो तरङ्गमा महिलाको पहुँच**

रेडियो तरङ्गमा महिलाको पहुँच हुनुपर्छ- खासगरी राजनीतिक, सामाजिक मुद्धाहरू तथा मनोरञ्जनात्मक कार्यक्रम बनाउन सक्षम हुन र महिला सवालमा केन्द्रित कार्यक्रम निर्माणको सन्दर्भमा ।

यसका लागि महिलालाई तालिमका साथै कार्यक्रम उत्पादनमा अनुमति र स्टेशनभित्र तथा बाहिर सहयोगी र सुरक्षित वातावरण सुश्चित गर्नेजस्ता विषयमा सकारात्मक धारणा आवश्यक हुन्छ । यस अन्तर्गत यौन दुर्व्यवहारविरोधी नीति निर्माण गर्ने र महिलाहरूमाथि हुने जुनसुकै किसिमका यौन दुर्व्यवहार र पीडाबाट सुरक्षा प्रदान गर्न गुनासो सुन्ने संयन्त्रको विकास गर्ने कुरा पर्दछन् ।

महिलाहरूको बिनाडर काम गर्ने, सुरक्षा र आत्मरक्षाको विषयमा उपयुक्त तालिम प्राप्त गर्ने, आत्मसम्मानमा हुने हिंसा नसहने र स्टेशनभित्र एवं बाहिरबाट महिलामाथि आउने दवावमा सहयोग पाउनेलगायतका अधिकार पनि छन् । यो कदमले रेडियो तरङ्गमा महिलाको पहुँच वृद्धि गर्ने सवालमा महत्त्वपूर्ण पाटोको निर्धारण गर्दछ । सांस्कृतिक बन्देज र व्यवहारका कारण एक्लै वा राति अबेर यात्रा गर्न सम्भव नहुने भएकाले कहिलेकाहीँ रेडियोसम्म पुग्न महिलालाई कठिनाइ पर्न सक्छ । महिलाहरू यस किसिमका बन्देजहरू तोड्न सक्षम छन् भन्ने सुनिश्चित गर्न सबैको प्रयत्न जारी रहनुपर्छ ।

उदाहरणको लागि– घुम्ती रेडियो स्टेशनमार्फत वा सवारी साधन र सुरक्षा व्यवस्था गरेर । महिलाका लागि विशेष प्राविधिक तालिम वा महिलाहरू दिनमा मात्र स्टेशन बस्नेजस्ता बाटोहरू अपनाएर आत्मविश्वासको कमीको समस्या हल गर्न सकिन्छ । रेडियोमा महिलाको समान सहभागिता नभइञ्जेल स्टेशनहरूले महिलाको सहभागितामा सहयोग गर्न, उनीहरू विरुद्ध स्टेशनमा र प्रसारणको समयमा हुने सबै खालका विभेदबाट सुरक्षित राख्न र महिलाको समान सहभागिताका लागि अनुकूल वातावरण सृजना गर्न रेडियोमा 'महिला डेस्क' स्थापना गर्नुपर्छ ।

**खण्ड–२: रेडियो प्रसारणमा महिला प्रतिनिधित्व**

विभिन्न क्षेत्रमा महिलाहरूले भोग्ने नकारात्मक पक्षलाई मात्र जोड दिनुभन्दा उनीहरूको विविधतापूर्ण प्रतिनिधित्वको लागि प्रोत्साहित गरिनुपर्छ । चाहे सम्पादकीय सामग्री होस् वा विज्ञापन, रेडियो स्टेशनले जुनसुकै सामग्री प्रसारण गर्दा पनि सबै लिङ्ग, प्रजाति, वर्गसहित सबैलाई सम्मान तथा आत्मस्वाभिमानपूर्ण व्यवहारको सुनिश्चितता गरिनुपर्छ । न पुरुष नत महिला, कसैलाई पनि भौतिक वा अन्य लाञ्छना नलगाइने सुनिश्चित गर्नुपर्छ । सबै कार्यक्रममा महिला धारणा समावेश गरिनुपर्छ र महिलाहरूका लागि विशेष कार्यक्रम बनाइनुपर्छ । सँगसँगै महिला प्रसारकहरूलाई त्यस्ता विशेष कार्यक्रममा सहभागी हुन बन्देज लगाइनुहुन्न ।

धेरैजसो सञ्चार माध्यमले बिशेषज्ञताको स्रोत र विशेषज्ञ विचार लिने सवालमा महिलालाई बेवास्ता गर्ने गरेका पाइन्छ । समाचार र विश्लेषणात्मक कार्यक्रममा समाजका सबै क्षेत्रका प्रतिनिधिहरू सहित विविध स्रोतको प्रयोग गरिनुपर्छ ।

यस कार्यको सहजीकरणको लागि विभिन्न क्षेत्रमा लागेका महिला विशेषज्ञहरूको डाइरेक्टरी तयार पार्ने कुरा उपयोगी हुन सक्छ, जसलाई आवश्यक सन्दर्भमा प्रयोग गर्न सकिन्छ ।

**खण्ड–३: अल्पसङ्ख्यक महिलाका विशेष आवश्यकताहरू**

सामुदायिक रेडियोले महिलाका विविध अनुभव र क्षमतालाई पहिचान गरिनुपर्छ र व्यावसायिक र राज्य नियन्त्रित सञ्चार माध्यमबाट विभिन्न प्रकारका विभेद, दवाव वा उपेक्षा भोगिरहेका महिलाको लागि उपयुक्त स्थान दिइनुपर्छ ।

यस अर्न्तगत फरक किसिमले सक्षम (शारीरिकरूपले अशक्त) महिला, अल्पसङ्ख्यक समुदाय, जनजाति र आदिवासी पृष्ठभूमि भएका महिला र यौनिक अल्पसङ्ख्यक महिलालाई समावेश गर्ने व्यवस्था गर्नुपर्छ ।

महिला र सर्वसाधारणहरूको रेडियो तरङ्गमा पूरापूर पहुँच हुन्छ भन्ने सुनिश्चित गर्नुपर्छ । खासगरी, अल्पसङ्ख्यक समुदायबाट आएका महिलाका बिषयलाई प्रसारण समयमा सशक्त, सुरक्षित र भेदभावरहित वातावरणमा छलफल गर्ने मौका दिइनुपर्छ ।



यस्तो पृष्ठभूमि र तहबाट आएका महिलालाई क्षमता अभिवृद्धि तालिम दिनु उदाहरणीय हुन सक्छ । यो आवश्यकता पूरा गर्न आर्थिक स्रोतको व्यवस्था गरिनुपर्छ ।



**खण्ड–४: स्टेशन व्यवस्थापनका सबै तहमा महिला प्रतिनिधित्व**

व्यावसायिक तथा सरकार-नियन्त्रित/सार्वजनिक सञ्चार माध्यममा भन्दा सामुदायिक रेडियोमा महिला प्रतिनिधित्व बढी छ । तथापि, खासगरी तीन क्षेत्रहरू- नीति–निर्माण तहमा, प्राविधिक सीपमा र कतिपय स्टेशनको सवालमा महिला प्रतिनिधित्वकै सवालमा अझै पनि महिलाहरूको सहभागिता अवमूल्यन गरिएको छ ।



सामुदायिक रेडियोमा महिलाको सार्थक सहभागिता गराउनको लागि रेडियोको स्वामित्व, प्रविधि व्यवस्थापनसहित रेडियो व्यवस्थापन र कार्यक्रम उत्पादनमा समेत महिला सहभागिताको लागि सङ्ख्या निर्धारण गरिनुपर्छ । यसको लक्ष्य महिला र पुरुषबीच समानता ल्याउनु हो । तत्कालका लागि ३० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न सकिन्छ । यो उद्देश्यप्राप्तिको लागि महिलाहरूको सीप विकासमा लगानी महत्त्वपूर्ण हुन्छ । यसैगरी स्टेशनमा लैङ्गिक समानताको लागि महिलाहरूलाई सहयोग पुऱ्याउन नेतृत्व र व्यवस्थापन तालिम आयोजना समेत गरिनुपर्छ ।





महिला सहभागिता स्टेशनमा आवद्ध महिलाहरूको सङ्ख्याले मात्र निर्धारण गर्न सकिँदैन । महिलाहरू नीतिगत प्रक्रियामा सहभागी हुन सक्षम छन् भन्ने आश्वस्त पार्न महिलाहरूको कार्यक्रम उत्पादन, स्वामित्व र निर्णय-निर्माण तहमा अनिवार्य प्रतिनिधित्व हुनुपर्छ, जहाँ सांस्कृतिकरूपमा संवेदनशील अवस्थामा समेत अनुकूल वातावरण चाहिन्छ ।



सामुदायिक रेडियोमा महिलाहरूको सहभागिता वृद्धि गर्ने धेरै तत्त्वहरू हुन सक्छन् । यसमा बालबालिका हेरचाह, अनुकूल कार्य समय (जुन महिलाको अन्य जिम्मेवारीसँग तालमेल मिल्छ), स्टेशनमा बैठक तथा प्रसारण समयमा आवश्यक प्रकाश र सुरक्षा व्यवस्था, स्टेशन आउन-जान पर्ने महिलाको लागि खासगरी सार्वजनिक बिदा तथा रातको समयमा सुरक्षित यातायातजस्ता कुराहरू पर्छन् । सबै तालिम कार्यक्रममा कम्तीमा आधा सिट महिलाहरूका लागि सुरक्षित गरिनुपर्छ ।



**खण्ड–५: उपयुक्त प्रविधिको प्रयोग**

केही महिलाहरू सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा पोख्त भए पनि अधिकांश महिला यसको प्रयोग गर्न जान्दैनन्, त्यहाँ लैङ्गिकरूपमा डिजिटल विभेद रहन्छ । महिलाहरू प्रविधि प्रयोगको सवालमा सधैँजसो पाखा पारिएका छन् जस्तै- रेडियो स्टुडियो सञ्चालनमा । लैङ्गिकरूपमा 'डिजिटल विभेद' रहेको स्वीकार गर्दै यसलाई अन्त्य गर्न पहल गर्नु महत्त्वपूर्ण छ । यो काम दुई किसिमबाट गर्न सकिन्छ- महिलाले महिलाकै लागि प्राविधिक तालिम सञ्चालन गर्ने र उपयुक्त प्रविधिमा लगानी गर्ने । उपयुक्त प्रविधि अन्तर्गत सफ्टवेयरका लागि निःशुल्क र खुल्ला स्रोतको प्रतिबद्धता आवश्यक हुन्छ । यसमा महिलाहरूले सञ्चालन गर्न सजिलो स्टुडियोको निर्माण गरिनुपर्छ । स्टुडियो निर्माण गर्दा फरक किसिमका सक्षमसहित सबैले प्रयोग गर्न सक्ने



यसो गर्दा महिलाहरूको शारीरिक विविधताको पनि ख्याल गरिनुपर्छ, जस्तै- प्रायःजसो महिलाहरू पुरुषभन्दा होचा हुन्छन् । तालिम सामग्री पहुँचयोग्य, स्थानीय भाषामा उल्था गरिएको र निरक्षरहरूका लागि समेत तयार पारिएको हुन समेत जरुरी छ– जसले गर्दा सबैले बुझ्न सकुन् ।

अनुसन्धान र गरिब तथा निरक्षरहरूको सञ्चार आवश्यकता पूर्ति गर्ने प्रयत्नलाई प्रोत्साहन गरिनु पनि अत्यन्तै आवश्यक छ । यसलाई दुई किसिमले गर्न सकिन्छ- निरक्षरहरूले पनि प्रयोग गर्न सक्ने प्रविधि विकास गरेर र सस्तो/सुलभ प्रविधि उपलब्ध गराएर ।

**खण्ड–६ः महिलाको रेडियोका लागि लगानी र क्षमता अभिवृद्धि**

लैङ्गिक समानता सृजना गर्न क्षमता अभिवृद्धि महत्त्वपूर्ण तत्त्व हो । यस अन्तर्गत स्टेशनमा आवद्ध महिलाको मात्र क्षमता अभिवृद्धि गर्ने कुरा पर्दैन, महिला र पुरुष दुवैलाई सँगसँगै गरिएमा मात्र उनीहरूले सुरक्षित, रचनात्मक र सहयोगी वातावरण निर्माण गर्न सक्छन्, जसले गर्दा स्टेशनको सफलताको लागि सबैले उत्कृष्ट योगदान पुऱ्याउन सक्छन् ।

सँगसँगै, लैङ्गिक संवेदनशीलताको विषयमा रेडियो स्टेशनका सबै सहभागीहरूका लागि तालिम संचालन गरिनुपर्छ, ताकि महिला र पुरुषलाई पुरुषप्रधान व्यवहार र विभेदको चित्रण गर्न सहयोग पुगोस् र अन्ततः समान लैङ्गिक सम्बन्ध विकास होस् र विभेदरहित तथा लैङ्गिकरूपमा निष्पक्ष रिपोर्टिङ्गमा सहयोग पुगोस् ।

धेरै स्टेशनहरूको लैङ्गिक समानता कायम गर्नेबारे सकारात्मक धारणा भए पनि थोरैले मात्र यस लक्ष्यप्रति प्रतिबद्ध भएर लगानी तथा क्षमता अभिवृद्धि गरेका छन् । लैङ्गिक समानता स्थापनाको लागि विशेष कोष र लगानीको व्यवस्था गरिनुपर्छ । यस किसिमको कोष महिलालाई प्राविधिक, कार्यक्रम उत्पादन र व्यवस्थापनमा प्रशिक्षित गर्न र स्टेशनमा काम गरिरहेका महिलाहरूलाई सुरक्षित अनुभूति गराउनको लागि लगानी गरिनुपर्छ, जस्तै- प्रकाश व्यवस्था, सुरक्षा सामग्री र महिलाका लागि बेग्लै शौचालयको व्यवस्था । स्टेशनमा आवद्ध महिलाहरूका लागि सञ्जाल बिस्तारको अवसर पनि दिइनुपर्छ ।

संरचनागत दृष्टिकोणबाट हेर्दा कर्मचारी, सल्लाहकार समिति र व्यवस्थापन समितिमा महिला अधिकृत हुनु महत्त्वपूर्ण हुन्छ, जसले महिला डेस्क स्थापनाजस्ता कार्य मार्फत् लैङ्गिक समानताका लागि स्टेशनको आवश्यकता निर्धारण तथा कार्यक्रम लागू गर्न सक्छन् ।

यो लैङ्गिक नीतिमा अमार्क–विन एसिया प्यासिफिकका सदस्यहरूको विचार तथा अनुभव समेटिएका छन् र यो अन्तर्राष्ट्रिय अमार्क–विनबाट स्वीकृत भइसकेको छ ।

मस्यौदा समिति : गीता मल्होत्रा- रिड(इण्डिया), निम्मी चौहान- दृष्टि मिडिया कलेक्टिभ (इण्डिया), सोनिया रान्धवा- अमार्क एसिया प्यासिफिक बोर्ड ( अष्ट्रेलिया), ताम्रा एक्रावावे- इन्टर न्यूज (अफगानिस्तान) र बिएन्का मिग्लिओरेटो- आइएसआइएस इन्टरनेशनल (फिलिपिन्स) ।
समन्वय : आइएसआइएस इन्टरनेशनल, www.isiswomen.org

*अमार्क विश्व भरिकै सामुदायिक रेडियोहरुको अन्तर्राष्ट्रिय सञ्जाल हो । यसको एशिया प्रशान्त कार्यालय काठमाण्डौमा छ । अमार्क र यस अन्तर्गतको अन्तराष्ट्रिय महिला सञ्जाल (अमार्क विन) सम्बन्धि थप जानकारीका लागि सम्पर्क ठेगाना निम्नानुसार छ ।*

अमार्क एशिया–प्रशान्त क्षेत्रिय कार्यालय
ज्वागल, कुपण्डोल, ललितपुर ।
फोन नं. ५५५४८११
इमेलः amarcap@wlink.com.np
http://asiapacific.amarc.org

WOMEN'S INTERNATIONAL NETWORK
RÉSEAU INTERNATIONAL DE FEMMES
RED INTERNACIONAL DE MUJERES
AMARC WIN